**प्रस्तावहरु :**

(क) नगरसभा आव्हान गर्ने सम्बन्धमा,
(ख) योजना संशोधन सम्बन्धमा,
(ग) राजस्व परामर्श समिति गठन सम्बन्धमा,
(घ) राष्ट्रिय योजना आयोगमा पेश गर्ने समपुरक र विषेश अनुदानका योजना स्वीकृत गर्ने सम्बन्धमा,
(ङ) LISA र FRAAP प्रारम्भीक नतिजा अनुमोदनं सम्बन्धमा ।

**निर्णय नं. १**

यस नगरपालिकाको बाहौं नगरसभा यही २०७९ माघ १४ गते सनिबारका दिन दिनको ११.३० बजे नगरपालिका सभाहलमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

गस नगरपालिकाको एघारौं नगरसभा तथा नगरसभाले अधिकार प्रत्यायोजन गरे बमोजिम कार्यापालिकाबाट विभिन्न मितिमा तर्जुमा भएका तर विभिन्न कारणबाट योजना सञ्चालन हुन सम्भावना नभएका नगरस्तरीय तथा वडा स्तरीय योजनाहरुलाई संशोधनको लागि बाहौं नगरसभामा पेश गर्नु पर्ने भएकोले सबै वडा कार्यालयहरु तथा विषयगत शाखाहरुले योजना संशोधनको लागि यही २०७९ माघ ५ गतेसम्ममा योजना शाखामा पेश गर्न लगाउने निर्णय गरियो । वडा कार्यालयबाट योजना संशोधनको लागि पठाउँदा वडा समितिले निर्णय गरी पठाउने व्यवस्था मिलाउने निर्णय समेत गरियो ।

**निर्णय नं. ३**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समितिको व्यवस्था गरिएको छ । सो समितिमा कार्यपालिकाले तोकेका कार्यपालिका सदस्यहरु मध्येबाट एकजना महिला सहित २ जना सदस्य राख्ने व्यवस्था रहेकोले तपसिल बमोजिमका सदस्यलाई स्थानीय राजस्व परामर्श समितिको सदस्यको रुपमा तोक्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (क) वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कँडेल | – सदस्य |
| (ख) कार्यापालिका सदस्य | श्री बिक्रमिया चौधरी | – सदस्य |

**निर्णय नं. ४**

राष्ट्रिय योजना आयोगले आगामि आर्थिक वर्ष २०८०/८१ को लागि संघिय समपुरक अनुदान तथा संघिय बिशेष अनुदानका लागि आयोजना/कार्यक्रमको प्रस्ताव आव्हान गरेकोले यस नगरपालिका क्षेत्र अन्तरगत देहाय बमोजिमका योजनाहरु संघिय समपुरक अनुदान तथा संघिय विशेष अनुदानका लागि प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

**(क) समपुरक अनुदान तर्फका योजनाहरु**

- खैरहनी नगरभित्रका लोकमार्गसंग जोडिने सडक तथा नाला निर्माण( खैरहनी वडा नं. १ देखी १३) – रु. १९,९४,५७,०५८/९०
- खैरहनी २ र ३ भएर बग्ने लदरी खोला तथा भित्री खोला तटबन्धन – रु.१९,७१,६६,९७१/१०
- कंकाली सामुदायिक वन क्षेत्रमा रहेको पिकनिक स्पट क्षेत्र विस्तार तथा जलाधार संरक्षणका लागि पोखरीमा RCC वाल निर्माण तथा बाटो ढलान – रु. ९,९६,३५,३९३/७०
- वडा नं. ६ र ८ डिज्नी पार्क अगाडि पर्ने पर्यटक रोजगार सिर्जनाको लागी पार्क तथा फुटट्रेल निर्माण – रु.९,९६,८३,०८८/-

**(ख) बिशेष अनुदान तर्फका योजनाहरु**

- वडा नं. ८ मगनी गाउँ देखि उद्योग बाणिज्य संघ भवन हुँदै लदरी खोला जाने ठूलो घोल तटबन्धन तथा RCC वाल निर्माण – रु. ९,९९,६७,३११/७९

- ढुङ्ग्रे खोला (सौराहा नजिक) हर्नरी घाटमा मोटरबोट चलाउन मिल्ने गरी ड्याक तथा पार्क निर्माण खैरहनी १३ – रु. ९,९९,६७,३११/७९
- जनजीवन मा.वि भवन निर्माण खैरहनी २ – रु. २,१७,२१,८२६/४४
- खैरहनी ११ र १२ मा पर्ने दराईबोटे ताललाई संरक्षण गर्न ड्याक निर्माण तथा विस्तार कार्य – रु. ९,९९,४८,५९२/२३
- खैरहनी १० र ११ मा खानेपानी विस्तार – रु. १,९२,९७,०५४/७५

<u>निर्णय नं. ४</u>

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि (संशोधन सहित) २०७७ बमोजिम गत आर्थिक वर्ष २०७८/७९ व कार्यालयले स्वमूल्याङ्कन गर्दा **९२.७५** अंक कायम हुन आएकोले उक्त प्रारम्भीक नतिजालाई जिल्ला समन्वय समिति चितवनम पेश गरी प्राप्त पृष्ठपोषणका आधारमा कायम हुन आउने अन्तिम नतिजालाई सार्वजनिक गर्ने, स्थानीय तह वितिय सुशास जोखिम मूल्याङ्कन कार्यविधि २०७७ मा स्थानीय तहले आफ्नो पालिकाको वित्तिय जोखीमको लेखाजोखा तथा सूचकहरुव स्वमूल्याङ्कन गरी अन्तिम मूल्याङ्कनको लागि जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था रहेकोले कार्यविधि बमोजिम अन्ति मूल्याङ्कनको लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।